यो आकाशवाणी हो।

समाचार तुलसा शर्माबाट सुन्नुहोस्।

मुख्य समाचार ।

- प्रधानमन्त्रीले भारतले पैतिस  करोड सात लाख टन अन्नको उत्पादनका साथ ऐतिहासिक कीर्तिमान स्थापित गरेको दिनुभयो जानकारी
- भोली देखी शुरू हुने संसदको **शीतकालीन** सत्र भन्दा पहिले सरकारले सर्वदलीय बैठकको गर्यो  आयोजना
- स्वास्थ्य अनि परिवार कल्याण मन्त्रीले  विश्व एड्स दिवस दुई हजार पचिसको अवसरमा राष्ट्रीय स्तरको  आयोजनाको  गर्नुहुनेछ नेतृत्व , अनि
- पछिलो एघाह्र वर्षमा बतिस  लाख भन्दा धेरै दिव्याङ्ग लाभार्थीहरूलाई आधुनिक सहायक उपकरण प्रदान गरेको सामाजिक न्याय र अधिकारिता मन्त्रीको भनाइ

**28- प्रधानमंत्री - मन की बात**

प्रधानमन्त्री नरेन्द्र मोदीले भन्नुभयो, भर्खरका विभिन्न घटनाक्रमले  भारतको नयाँ सोच, नवाचार र युवा शक्तिलाई दर्शाउँछ । आकाशवाणीको मन की बात कार्यक्रममा श्री मोदीले भन्नुभयो, हैदराबादमा विश्वको सबै भन्दा ठूलो लीप इन्जन एम.आर.ओ सुविधाको उद्घाटन होस् वा आई.एन.एस माहेको भारतीय नौसेनामा शामेल हुनुहोस् अथवा देशमा स्काईरूटको इनफिनिटी परिसरको शुरूवात होस्, यो सबै  यसैको प्रमाण हो। प्रधानमन्त्रीले भन्नुभयो, भारतले पैतिस  करोड सात लाख टन अन्नको उत्पादनका साथ ऐतिहासिक कीर्तिमान स्थापित गरेकोछ, जो कृषि क्षेत्रमा ठूलो उपलब्धी  हो। श्री मोदीले भन्नुभयो, भारतको अन्न उत्पादन पछिलो दस वर्षमा दस करोड़ टन बढ़ेको छ ।

प्रधानमन्त्रीले भन्नुभयो, राष्ट्रमण्डल खेलहरूको मेज़बानी पाउनु भारतका लागि गौरवको कुरा

हो । उहाँले भन्नुभयो, यो देश र देशवासीहरूको उपलब्धी हो । प्रधानमन्त्रीले भन्नुभयो , **वन्दे मातरम**-को एक सय पचासौ वर्षगांठको शुरुवात देशव्यापी कार्यक्रमहरूका साथ भयो । उहाँले भन्नुभयो, यस महीनाको पचिस तारीख अयोध्याको राम मन्दिरमा धर्मध्वजा फहराइयो र उसै दिन **कुरुक्षेत्रको ज्योतिसर-मा पान्चजन्य स्मारक**-को उद्धाटन गरियो।श्री मोदीले भन्नुभयो, आजभोली देशमा Endurance sports को नयाँ खेल संस्कृति पनि उदाउँदैछ ।

**सरकार - सर्वदलीय बैठक**

भोली देखी शुरू हुने संसदको **शीतकालीन** सत्र भन्दा पहिले सरकारले आज संसद भवनमा एउटा सर्वदलीय बैठकको आयोजना गर्यो । केन्द्रीय रक्षा मन्त्री राजनाथ सिंहले बैठकको अध्यक्षता गर्नुभयो । बैठकमा छत्तिस राजनीतिक दलहरूका पचास जना नेताहरूले भाग लिए । बैठक पछि संसदीय **कार्य मन्त्री किरेन रिजिजू-ले भन्नुभयो** , बैठक रचनात्मक माहौलमा भयो । उहाँले भन्नुभयो, सरकारले शीतकालीन सत्रमा दुबै सदनको सुचारू संचालनका लागि सबै राजनीतिक दलका नेताहरूसंग सहयोगको अपील गरेकोछ । श्री रिजिजूले भन्नुभयो, यस सत्रमा विधायी र अन्य कार्यको चौध विषयमा चर्चा पनि गरिनेछ।

52 नड्डा-एड्स दिवस

स्वास्थ्य र परिवार कल्याण मन्त्री जगत प्रकाश नड्डाले भोली विश्व एड्स दिवस दुई हजार पचिसको अवसरमा राष्ट्रीय स्तरको एउटा आयोजनाको नेतृत्व गर्नुहुनेछ। यसको उद्देश्य **एच.आई.वी** को रोकथाम, उपचार, रेखदेख र कलङ्क उन्मूलनका लागि राष्ट्रीय प्रतिक्रिया-लाई अघि बढाउन सरकारको अटूट प्रतिबद्धताको पुष्टि गर्नु हो । यस कार्यक्रमले सरकारी नेता, विकास भागीदार , युवा प्रतिनिधी, सामुदायिक अधिवक्ता, एड्स पीड़ित मानिस र अग्रिम

पङ्क्तिका स्वास्थ्य कार्यकर्ताहरूलाई एक साथ ल्याउनेछ। यस कार्यक्रममा नाकोको राष्ट्रीय multi-media पहल  अन्तर्गत एउटा नयाँ अभियान भिडियो श्रृंखलाको शुभारम्भ पनि गरिनेछ ।

**9-यूक्रेन ड्रोन रूस**

यूक्रेनी नौसेनाको ड्रोनले कालो सागरमा दुई रूसी तेल टेङ्कर-मा हमला गऱ्यो । मीडिया रिपोर्ट अनुसार, क्यारोस र विराट नामको यो दुई ट्याङ्कर खाली थियो र रूसको एउटा प्रमुख कालो सागर तेल टर्मिनल, नोवोरो **सियीक्स** तर्फ जाँदैथियो । यो हमला रूसी तेल शिप- मेन्टलाई निशाना बनाएर गरिएको थियो , जो यूक्रेनमा रूसको युद्धका लागि राजस्वको एक प्रमुख स्रोत हो। कथित रूपमा यूक्रेनको सुरक्षा सेवा द्वारा निर्मित **सी बेबी ड्रोन को प्रयोग** गरिएको थियो भने , तुर्कीका  अधिकारीहरूले आगो निभाउनेमा सहयोग गरे अनि जहाजको रेखदेख पनि गरे ।

**9-थाईलैंड विदेश मंत्री-भारत दौरा**

थाइल्याण्ड-का विदेश मन्त्री **सिहासक फुआङ्ग केत. के.ओ-**  चार दिनको भारत यात्रामा दिल्ली पुग्नुभयो । विदेश मन्त्रालयका प्रवक्ता रणधीर जायसवाल-ले  हिजो भन्नुभएकोछ, यो यात्रा रणनीतिक साझेदारी र स्थायी सम्बन्धलाई बलियो बनाउने अवसर हो। श्री फुआङ्ग केतकेओ – ले भोली द्विपक्षीय चर्चाका लागि हैदराबाद हाउसमा विदेश मन्त्री एस जयशंकर संग भेट गर्नुहुनेछ । दुबै देश बीच राजनयिक सम्बन्ध  उन्नाइस सय सैतालिसमा स्थापित भएको थियो, वर्ष दुई हजार बाइसमा दुबै पक्षले राजनयिक सम्बन्धको स्थापनाको पचत्तर औँ वर्षगांठ मनाएको थियो ।

49 एलिम्को-स्थापना दिवस

सामाजिक न्याय र अधिकारिता मन्त्री **वीरेन्द्र कुमारले** बताउनुभएकोछ, पछिलो एघाह्र वर्षमा बतिस लाख भन्दा धेरै दिव्याङ्ग लाभार्थीहरूलाई आधुनिक सहायक उपकरण प्रदान गरिएकोछ । नयाँ दिल्लीमा आज भारतीय **कृत्रिम अङ्ग निर्माण निगम – एलिम्को-** को तिरपन्नौं स्थापना दिवसमा आफ्नो सम्बोधनमा उहाँले भन्नुभयो, यस वर्षको स्थापना दिवस नयाँ पहिचान र नयाँ सोचको एउटा नयाँ यात्राको प्रतीक हो, जसले एलिम्को-को एउटा नवाचार-संचालित संस्थानका रूपमा विकासलाई दर्शाउँछ । श्री वीरेन्द्र कुमारले दिव्याङ्गजन र वरिष्ठ नागरिकहरूको स्वतन्त्रता र दैनिक सक्रियतालाई बढ़ाउने उद्देश्यले तिन चक्के स्कूटर र क्लिप-अन विलचेयर सहित नव विकसित गतिशीलता उपकरण र वाहनहरूको शुभारम्भ गर्नुभयो ।

दिल्ली पुलिस - पाक आतंक

दिल्ली पुलिसको स्पेशल सेलले पाकिस्तान समर्थीत गेङ्गस्टर संग जोड़ीएको आतङ्की मोड्यूलको भण्डाफोड़ गरेको छ। नयाँ दिल्लीमा प्रेस वार्तालाई सम्बोधन गर्दै, स्पेशल सेलका अपर पुलिस आयुक्त प्रमोद कुमार कुशवाहाले बताउनुभयो, यस मोड्यूलको नेतृत्व एक जना पाकिस्तानी नागरिक शहजाद भट्टीले गरिरहेका थिए, जो वर्तमानमा पाकिस्तानको खुफिया एजेन्सीको इशारामा काम गरिरहेका थिए । उहाँले बताउनुभयो यस मामिलामा पंजाब, मध्य प्रदेश र उत्तर प्रदेशका तीन जनालाई गिरफ्तार गरिएको छ।

15. अनिवार्य घोषणा

संसदको **शीत-कालीन** सत्र भोलीदेखी शुरू हुँदैछ । सत्रको पूर्व संध्यामा, आकाशवाणीको

समाचार सेवा प्रभाग तपाइका लागि विशेष कार्यक्रम – हिन्दीमा **संसदके समक्ष मुद्दे** र अंग्रेजीमा Issues Before the Parliament प्रस्तुत गरिनेछ ।

Issues Before the Parliament कार्यक्रम आकाशवाणी रेनबो, अतिरिक्त मीटरहरूमा र **संसद के समक्ष मुद्दे** कार्यक्रम आकाशवाणी गोल्ड/अतिरिक्त मीटरहरूमा आज बेलुकी साढे नौ देखी दस बजी सम्म सुन्न सकिनेछ भने , कार्यक्रम हाम्रो वेबसाइट न्यूज़ अन एयर डट कम डट इन र हाम्रो यूट्यूब च्यानल न्यूज़ अन एयर अफिशियलमा पनि उपलब्ध हुनेछ।

मुख्य समाचार फेरी एकपल्ट

- प्रधानमन्त्रीले भारतले पैतिस करोड सात लाख टन अन्नको उत्पादनका साथ ऐतिहासिक कीर्तिमान स्थापित गरेको दिनुभयो जानकारी
- भोली देखी शुरू हुने संसदको **शीतकालीन** सत्र भन्दा पहिले सरकारले सर्वदलीय बैठकको गर्यो आयोजना
- स्वास्थ्य अनि परिवार कल्याण मन्त्रीले विश्व एड्स दिवस दुई हजार पचिसको अवसरमा राष्ट्रीय स्तरको आयोजनाको गर्नुहुनेछ नेतृत्व , अनि
- पछिलो एघाह्र वर्षमा बतिस लाख भन्दा धेरै दिव्याङ्ग लाभार्थीहरूलाई आधुनिक सहायक उपकरण प्रदान गरेको सामाजिक न्याय र अधिकारिता मन्त्रीको भनाइ